का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ साउन २०८०,
बुधबार
19 July 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १७४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कांग्रेस बैठक

# जनतासँग जोडिने प्रयास

मंगलबार फेसबुकबाट प्रत्यक्ष प्रशारण गरेर शुरु भएको नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकमा महामन्त्रीद्वयले पार्टीलाई जनतासँग प्रत्यक्ष जोड्ने वार्षिक कार्यक्रम नै प्रस्तुत गरेका छन् । तर कार्यान्वयनप्रति आशंका भने उस्तै छ । किनकि यो प्रस्ताव दुरुस्त अनुमोदन हुने र त्यसलाई संस्थापन समूहले साथ दिनेमा नेताहरु विश्वस्त छैनन् ।



आममानिसालाई प्रत्यक्ष पहुँच दिएर बैठक गर्नु राम्रो हो, नेपाली राजनीतिमा यो नयाँ प्रयोग पनि हो । तर पार्टीका सबै कुरा सञ्जालमा पोख्दा झन् खति हुने पो हो कि !

**गुरु बराल**
**केन्द्रीय सदस्य, कांग्रेस**

बैठकमा एउटा कुरा गर्ने, बाहिर आएर अर्को कुरा भनिदिने प्रवृति अब बन्द हुनेछ । फेसबुकमै भए पनि प्रत्यक्ष प्रसारण गर्दा गलत अभ्यास नदोहोरिने विश्वास छ ।

**रामहरि खतिवडा**
**केन्द्रीय सदस्य, कांग्रेस**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ साउन ।

एक वर्षपछि प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसको केन्द्रीय कार्य समिति बैठक मंगलबार शुरु भएको छ । यो बैठक पाँच दिन अगाडि नै तोकिएको थियो । तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पत्नी शोकमा परेपछि स्थगित बैठक मंगलबार शुरु भएको हो ।

फेसबुकबाट प्रत्यक्ष प्रशारण गरिएको बैठकमा छलफलका लागि १० वटा एजेण्डा प्रस्तुत गरिएको छ । तर ती एजेण्डा भन्दा महामन्त्री गगन थापाले प्रस्तुत गरेको एक वर्षे क्यालेण्डरले महत्व पायो । अर्का महामन्त्री विश्वप्रकाश शर्मासँग परामर्शमा थापाले ल्याएको एक वर्षे क्यालेण्डरमा पार्टी सञ्चालन, संगठन निर्माणदेखि पार्टी नेता तथा कार्यकर्ताले गर्ने गतिविधि समेत तोकिएको छ ।

प्रस्ताव अनुसार, पार्टी बैठक अहिले जस्तो एक वर्षमा पनि नबस्ने अवस्था अन्त्य गर्न महिना नै तोकिएको छ । जसअनुसार असोज, मंसिर, माघ, चैत जस्ता महिनाको पहिलो साता बैठक बस्नेछ ।

अपूर्ण रहेको विभागलाई १५ भदौभित्र पूर्णता दिने र महाधिवेशन नभएका भातृ संगठनहरुको तदर्थ समिति पनि १५ भदौभित्रै गर्ने प्रस्ताव गरिएको छ । संगठनात्मक कामसँगै महामन्त्री थापाले कांग्रेसलाई जनतासँग जोड्नेगरी वर्षभरकै कार्यक्रम प्रस्ताव गरेका छन् । जसअनुसार, ६ साउनमा रुख रोपिनेछ भने साउन महिनालाई 'मन्थ अफ ग्रिनरी'का रुपमा मनाइनेछ । २ भदौमा दिवानसिंह राई स्मृति र ५ भदौमा प्रदीप गिरी स्मरण सभा हुनेछ । भदौ महिनालाई कांग्रेसले 'मन्थ अफ लिट्रेचर' मान्नेछ ।

संस्थापक नेता सुवर्ण शमशेर स्मृति दिवसमा अर्थ सम्मेलन गरिनेछ । यो सम्मेलन कात्तिकमा हुनेछ । मंसिरलाई मंगलादेवी सिंह स्मृतिका रुपमा महिला हिंसाविरुद्ध एक महिने कार्यक्रम गरिनेछ । यसैगरी शैलेजा आचार्य, भीमबहादुर तामाङ, शेख इद्रिस, राधाकृष्ण थारु, बिडी परियार लगायत नेताको सम्मानमा कांग्रेसले वर्षभर कार्यक्रम गर्ने प्रस्ताव महामन्त्री थापाले प्रस्ताव गरेका छन् ।

## फेसबुक लाइभको प्रयोग

मंगलबारदेखि शुरु भएको केन्द्रीय समिति बैठक फेसबुकबाट प्रत्यक्ष प्रशारण गरिएको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकमा पहिलो दिन विभिन्न १० विषयमा छलफल गर्नेगरी महामन्त्री विश्वास प्रकाश शर्माले एजेण्डा प्रस्तुत गरे । समसामयिक राजनीतिक विषय, कार्यसम्पादन समिति बैठकबाट भएका निर्णयहरू अनुमोदनका लागि पेश भएको छ । सांगठनिक कार्ययोजना र कार्यतालिकासम्बन्धी प्रस्ताव, नीति अधिवेशन सम्बन्धमा छलफल गरी मिति र स्थान तय गर्ने, पार्टीको निर्वाचन परिचालन समितिले तयार गरेको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

विभाग गठनसम्बन्धी, पार्टीको राष्ट्रिय अभियान घोषणासम्बन्धी प्रस्ताव, अनुशासन समितिको प्रतिवेदनसम्बन्धी, प्रतिनिधिसभा बैठकमा पार्टीको भूमिका, सरकारमा पार्टीको भूमिका विषयमा समेत छलफल भएको छ । बैठकलाई समाजिक सञ्जाल मार्फत लाइभ गरिएको हो ।

विगतमा पार्टीका बैठकमा भएका कुरा बाहिरिएको भनेर नेताहरुलाई गाली गर्ने कांग्रेस नेतृत्वले यसपटक प्रत्यक्ष प्रसारण नै गरिदिए । सधैं बन्द कोठमा पृष्ठ २ मा

# अन्तरजातीय विवाह गर्नेलाई अपहरणको मुद्दा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ साउन ।

अन्तरजातीय विवाह गर्नेलाई अपहरणको मुद्दा लगाइएको खुलेको छ । सर्वोच्च अदालतले अपहरण तथा शरीर बन्धक बनाएको आरोपमा थुनामा परेका सप्तरीका मनोज रामलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न आदेश दिएसँगै यस्तो तथ्य बाहिरिएको हो ।

सप्तरीको अग्निसाइर कृष्णसवरन गाउँपालिका-४ की ललितकुमार इसरले आफ्नी छोरी अपहरण गरेको भन्दै प्रहरीमा उजुरी दिएका थिए । उजुरीका आधारमा प्रहरीले मनोज रामलाई पक्राउ गरी अपहरणको मुद्दा चलाएको थियो । तर सुनुवाईकै क्रममा अन्तरजातीय विवाह गरेका कारण अपहरणको झुटो मुद्दामा फसाइएका खोजिएको पुष्टि भएपछि ती




मुद्दा परे पनि अपहरण हो वा होइन भन्ने विषय विवाह दर्ता गरेको प्रमाणबाट समेत खुलेको हो । जिल्ला अदालतबाट विवाह दर्ता गरेर प्रमाणपत्र लिएका युवकलाई घर फर्केको मौकामा प्रहरीले पक्राउ गरी अपहरण मुद्दा चलाएको थियो ।

दलित युवकलाई सर्वोच्च अदालतले थुनामुक्त गर्न आदेश दिएको छ । सर्वोच्च अदालतले अपहरण तथा शरीर बन्धक बनाएको आरोपमा थुनामा परेका रामलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न आदेश दिएको हो ।

२४ जेठ २०८० मा न्यायाधीश रमेशप्रसाद ज्ञवालीको इजलासले उनलाई मुद्दाको पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो । मुद्दाको पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थाहा पाएपछि कानून व्यवसायीहरुले मनोज रामलाई थुनामुक्त गर्न सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिएका हुन् । त्यस आधारमा रामलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न आदेश दिइएको हो ।

रामको पक्षबाट वकालत गर्ने कानुन व्यावसायीहरुका अनुसार उनी ललितकुमारकी छोरी बबिता इसरसँग प्रेम गर्थे । बबिताका बाबुले दलितसँग छोरीको बिहे गरिदिन अस्वीकार गरेपछि दुवैजना २२ मंसिर २०७९ मा गाउँबाटै भागेका थिए । भागेको विष्यालाई अपहशरण भनेर मनोज राम पृष्ठ २ मा

नेपाल सिमेन्ट उत्पादक संघ
Cement Manufacturers Association of Nepal

**प्रेस- विज्ञप्ति**

केही दिनयता मारुती सिमेन्ट्स लिमिटेड र यसमा आबद्ध सञ्चालक तथा कर्मचारीहरूमाथी भएको धरपकड र सिमेन्टको गुणस्तरका विषयमा विभिन्न सञ्चारमाध्यममा आएका सामग्रीप्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ । मारुती सिमेन्ट्स लिमिटेड द्वारा उत्पादित सिमेन्ट र सिमेन्ट उत्पादन तथा बिक्री गर्ने उद्योगी तथा व्यवसायी माथि ठगी (आपराधिक विश्वासघात) सम्बन्धको मुद्दा दर्ता गर्ने कार्यप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको हो ।

देशमा दिन प्रतिदिन उद्योग सञ्चालन गर्ने वातावरण खस्किदै जानुका साथै लगानीको वातावरण पनि बन्न नसकेको अवस्थामा उद्योगीहरूलाई हतोत्साहित तुल्याउने यस्ता क्रियाकलापबाट देशलाई कतै फाइदा नहुने तथ्य स्पष्ट नै छ । कानूनविपरित काम गरेको भए जो कोही पनि उचित कारवाहीको भागीदार हुनुपर्दछ । यसमा संघले समेत सहयोग गर्ने छ । तर कुनै व्यक्तिले विषयलाई निहित स्वार्थका लागि नै दिएको उजुरीका आधारमा अर्बौं लगानी गरी हजारौँलाई रोजगारी दिई करोडौँ रुपैयाँ राजश्व तिर्ने उद्यमी व्यवसायीलाई अमर्यादित व्यवहार गरी थुन्ने तथा पक्राउ पुर्जी जारी गर्ने जस्ता कार्यहरू गर्नु गराउनुले समग्र औद्योगिक वातावरणमा नकारात्मक असर पर्न जाने कुरा पनि प्रष्ट नै छ । उद्यमी व्यवसायीहरूमाथि पछिल्लो समयमा भइरहेका यस्ता धरपकडले उद्योगमा लगानी गर्न चाहने स्वदेशी तथा विदेशी लगानीकर्ताहरू निरुत्साहित हुने कुरालाई नजरअन्दाज गर्न सकिँदैन ।

अनुसन्धानको प्रक्रियामा कुनै पनि प्रभाव पार्न सक्ने अवस्था नरहेको उद्योगी तथा व्यवसायीलाई सामान्य मुद्दामा दोषी ठहर नभएको अवस्थामा हिरासतमा राख्ने जस्तो कार्य उचित होइन ।

नेपालमा सिमेन्टको बिक्री वितरणमा गुणस्तर प्रमाण चिन्ह अनिवार्य रहेको र उद्योगले आफ्नो उत्पादन सिमेन्ट ब्याचअनुसार आफ्नो प्रयोगशालामा परीक्षण गरेपश्चात मात्र बिक्री वितरणका लागि बजारमा पठाउने कार्य गर्दै आईरहेको छन् । साथै समय–समयमा सिमेन्टको गुणस्तर नेपाल गुणस्तर तथा नापतौल विभागबाट पनि परिक्षण हुदै आइरहेको छ । गुणस्तरसम्बन्धी विषयलाई लिएर हुने कारवाही सम्बन्धित ऐन नियमअनुसार नै हुनुपर्ने कानूनी व्यवस्थालाई विषयान्तर गरी ठगी (आपराधिक विश्वासघात) मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरिनु गलत भएको संघको ठहर छ ।

सिमेन्ट उत्पादनमा नेपाल आत्मनिर्भर भई निकासीसमेत गर्दै आएको वर्तमान अवस्थामा उद्योगलाई आफ्नो सफाइको मौकासमेत नदिन गरिने उद्यमीप्रति लक्षित यस प्रकारको गतिविधिले समग्र उद्योगी व्यवसायीहरूमा नकारात्मक प्रभाव पर्न जाने समग्र उद्योगी व्यवसायीहरूको मनोबलमा सधैँ डर र त्रासको वातावरण सिर्जना हुन जाने भएकाले उद्योगमैत्री वातावरण कायम राखी निर्वाधरूपमा उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण सिर्जना गरी देशको आर्थिक क्रियाकलाप वृद्धि गर्न सहयोग गरिदिनु हुनका लागि सम्पूर्ण सरोकारवाला निकायहरूसंग यस संघ हार्दिक अपिल गर्दछ ।

ई. केशव प्रसाद उप्रेति
महासचिव
मिति : २०८०/०३/२९

नेपाल सिमेन्ट उत्पादक संघ २०६१

सिग्नेचर अपार्टमेन्ट II, पहिलो तल्ला, टेकु, काठमाडौं, नेपाल
टेलिफोन: ०१-४१०००५ फ्याक्स : ९७७-१-४४३६३२७
ईमेल: cementassociationnepal@gmail.com

## वैदेशिक रोजगार विशेष

# साउदीमा राहदानी बनाउने नाममा ठग गिरोह सक्रिय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ साउन

साउदी अरेबियामा रहेका केही नेपाली गिरोहहरुले नेपालबाट बनेर गएको राहदानीमा समेत नेपाली कामदारहरुसँग विभिन्न बाहनामा थप रकम लिइ ठगी गर्ने गरेको पाइएको छ । नियमानुसार साउदीस्थित नेपाली दूतावासमा राजस्व तिरेर राहदानी बनाउन आवेदन दिएपछि पनि केही गिरोहले राहदानी प्राप्त गर्न अतिरिक्त रकम लाग्ने भन्दै रकम असुल्ने गरेको उजुरी दूतावासमा पुगेपछि नेपाली दूतावासल्ले सम्बन्धित नेपालीहरुलाई यसबारे सचेत गराएको छ ।

राहदानी वितरणको नाममा अनुचित लाभ लिएको गुनासो बढेको भन्दै साउदी अरेबियास्थित नेपाली दूतावासले नेपालबाट बनेर गएको राहदानी लिँदा कुनै अतिरिक्त शुल्क नतिर्न आग्रह गरेको छ ।

दूतावासले नेपालबाट साउदी आइपुगेका राहदानी वितरण गर्दा कतिपय व्यक्ति र संस्थाले नेपाली कामदारसँग पृष्ठ २ मा

## वैदेशिक रोजगारीमा रहेका कामदारहरूलाई आइपीओमा लगानीको अवसर

काठमाडौं/मस- वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूलाई कम्पनीको प्रारम्भिक सार्वजनिक निष्कासन (आइपीओ)मा लगानी गर्ने बृहत् अवसर जुटेको छ । सरकारले कम्पनीको प्रारम्भिक सार्वजनिक निष्कासन (आइपीओ) निष्कासनामा अनिवार्य आरक्षणको व्यवस्था गरेपछि उनीहरुलाई लगानीको सुनिश्चित अवसर जुटेको हो ।

आइपीओ जारी गर्न अनुमति पाएका कम्पनीहरुले पहिलो चरणमा अनिवार्यरूपमा योजना प्रभावित स्थानीय वासिन्दा र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर जारी गर्नुपर्ने बाध्यता छ । नेपाल धितोपत्र बोर्डका अनुसार पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A Fair & Ethical Recruitment organization, is opening the vacancy notice for interested candidate on the following positions.

Documentation : 2 (Female)
Education : Bachelor's Pass
Work Experience : Minimum 2 Years of work experience in related field.

SALARY Negotiable

Manpower Related Experienced Candidate Will Be Given Priority.

To apply please submit your CV on doslink991@gmail.com

Mobile : 9851074709

मध्यान्ह
www.madhyanhadaily.com



# देश विकासका लागि राज्यका सबै पक्षबीच समन्वय आवश्यक : सभापति चौधरी

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ साउन



पूर्वाधार विकास समितिका सभापति लालबिर चौधरीले सरकार भ्रष्टाचारका लागि कुस्ती खेलिरहेको आरोप लगाएका छन् ।

मंगलबार तराई विकास तथा सञ्चार केन्द्र नेपालले आयोजना गरेको 'विकास खर्चको वर्तमान अवस्था र पूर्वाधार विकासमा देखिएका चुनौती' विषयक कार्यक्रममा बोल्दै उनले राज्य सञ्चालनमा खटिएका व्यक्ति सत्ताका लागि बाझिरहेको बताए ।

उनले भने 'आफ्नो भाग खोस्ने परिस्थिति राज्यको छ । त्यसलाई नेपाली जनताले बुझेका छन् । सुधार गर्न आवश्यक छ ।'

सभापति चौधरीले अब राज्यका सबै पक्षले आपसमा समन्वय गरी देशको विकासमा लाग्नुपर्ने बताए । उनले नेपालको भौगोलिक परिवेश फरक भएकाले जैविक विविधतालाई ध्यानमा राखेर आयोजना तर्जुमा गर्नुपर्नेमा जोड दिए । दक्ष प्राविधिकको अभावका कारण पहाडी क्षेत्रका नदीजन्य आयोजना निर्माणको केही समयमै भत्किएकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण हुनुपर्नेमा उनले जोड थियो ।

उनले विकासका लागि वित्तीय साक्षरता प्रमुख विषय रहेको बताए । 'राज्यलाई सशक्त रूपमा अगाडि बढाउन पनि वित्तीय साक्षरताको आवश्यकता पर्छ' उनले भने । सभापति चौधरीले बजेट छुट्याउँदा विकासको आवश्यकता अनुरूप नछुट्टिने गरेको गुनासो गरे ।

उनी भन्छन् 'पहुँच भएका प्रतिनिधिको क्षेत्रमा बढी बजेट पर्छ । जुन ठाउँमा बजेटको महत्व बढी छ त्यसलाई नजरअन्दाज गर्ने चलन छ ।' विगतका वर्षहरुमा जेजस्तो भएपनि आगामी आर्थिक वर्षमा भने सरकारले प्रत्यक्ष रूपमा देशमा विकासका लागि क्षेत्रगत अनुसन्धान गरी त्यकाका प्रतिनिधिसँग अन्तरक्रिया गरेर योजना तर्जुमा गर्ने र बजेट छुट्याउने नीति ल्याएको सभापति चौधरीले जानकारी दिए ।

कार्यक्रममा उपमहालेखा परीक्षक महेश्वर काफ्लेले पूँजीगत खर्च क्रमबद्ध रूपमा घटिरहेको बताए । चालू आर्थिक वर्ष २०७८/७९ मा विनियोजन भएको बजेटअनुसार १६ खर्ब ३२ अर्ब विनियोजित बजेटमध्ये पूँजीगत खर्च पाँच खर्ब ९३ अर्ब मात्रै भएको उनले जानकारी दिए ।

७९/८० मा १७ खर्ब ९३ अर्ब बजेटमा छ खर्ब मात्रै पूँजीगत खर्च रहेको उनले बताए । साथै ८०/८१ का लागि १७ खर्ब ५१ अर्ब बजेट छुट्याइएकोमा चार खर्ब ७१ अर्ब मात्रै खर्च भएको उनको भनाइ छ । उनले अपेक्षा गरे अनुरूपको विकास देशमा हुन नसकेको औंल्याए । योजनाबद्ध विकासको शुरुवात २०१३ सालमा भएको उनले जानकारी गराए । जसमा हालसम्म नौ वटा पञ्चवर्षीय योजना र पाँच त्रिवर्षीय योजना सम्पन्न भइसकेको उनले कार्यक्रममा जानकारी गराए । साथै हाल सरकारले पन्ध्रौं योजना कार्यान्वय गरिरहेको उनको भनाइ छ ।

उनले भने, 'सामाजिक मूल्यमान्यता, मानवीय संशाधनको अवस्था र स्रोतको अभाव जस्ता विषयले अपेक्षित रूपमा विकास विकास हुन सकेको छैन ।' साथै उनले आयोजना छनोटमा पनि चुनौती देखा परेको बताए । सम्भाव्यता अध्ययन हुन नसक्दा पूर्वाधार विकासमा चुनौती देखिएको उनको भनाइ छ । ' आयोजनाको सम्भाव्यता अध्ययन हुन सकेको छैन । प्रतिफल पनि स्पष्ट छैन । सहभागिता, समावेशीता नभएका कारण विकासमा चुनौती देखा परेका छन्' उनले भने ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले देशको अर्थतन्त्र राजस्व र वैदेशिक ऋण निर्भर रहेको बताए । आर्थिक वर्षभित्रमा निर्माण व्यवसायीहरुको भुक्तानी रकम चुक्ता हुन नसकेकोमा आपत्ति जनाउँदै उनले राज्यको ढुकुटी नै खाली रहेको औंल्याए । उनले भने 'समयमा राजस्व संकलन नहुनाले खर्च घाटा देखिएको हो । वैदेशिक ऋण पनि उठ्न सकेको छैन । त्यसैले पनि भुक्तानी हुन नसकेको हो ।'

उनले बजेट खर्च कम हुनुमा आयोजना अनुरूपको बजेट विनियोजन हुन नसकेकोमा आपत्ति जनाए । निर्माण सामग्री संकलनमा समस्या, श्रमिकको अभावले गर्दा विकासमा चुनौती सिर्जना भएको उनको भनाइ छ । आयोजना तर्जुमा गर्दा त्यसको पूर्वतयारी गर्नुपर्नेमा उनले जोड दिए । दक्ष जनशक्ति विदेशीनाले पनि विकासमा बाधा पुगेको उनको भनाइ छ ।

निर्माण व्यावसायी संघका अध्यक्ष रबि सिंहले वास्तविक आयोजनालाई ध्यान नदिइ योजना तर्जुमा गरिएकोमा आपत्ति जनाए ।

उनले भने 'योजना तर्जुमा गर्नेहरूले आफ्नो कार्यकाल हेरेर योजना बनाउँछन् । कार्यकाल सकिँदा योजना पनि सेलाएर जान्छन् अनि विकास कसरी हुन्छ ।' त्यसैकारण विकासले गति लिन नसकेको उनको भनाइ छ ।

अर्थतन्त्रलाई चलायमान बनाउन चालू आर्थिक वर्षको अन्त्यमा नभइ शुरुबाट नै भुक्तानी गर्नुपर्नेमा उनले जोड दिएका छन् । उनले सरकार पूर्वाधार विकासमा गम्भीर नभएको औंल्याए । उनले भने 'पूर्वाधार विकास भनेको उद्योगको पनि उद्योग हो । त्यसैले यसमा सरकारको ध्यानाकर्षण हुन जरुरी छ ।'

आयोजनामा दमनकारी हिसाबले म्याद थप हुनु पनि विकासको बाधक बनेको उनको भनाइ छ । सरकारले व्यवसायीलाई मूल्य समायोजन गर्न समेत नदिएकोमा अध्यक्ष्य सिंहले गुनासो गरे ।

कार्यक्रममा सडक विभागका महनिर्देशक सुशीलबाबु ढकालले विकास निर्माणमा देखिने प्रमुख समस्या योजना तर्जुमाको प्रक्रिया देखिने शुरू हुने बताए ।

योजना तर्जुमा सीमित रिसोर्स छानेर मात्रै गर्नुपर्ने उनको भनाइ छ। तर्जुमा गर्ने निकायबीच समन्वयको अभाव भएकाले विकासमा चुनौती देखा परेको उनले प्रस्ट पारे । साथै सार्वजनिक निकायबाट असीमित अपेक्षा राख्नाले पनि विकासमा चुनौती आएको उनले बताए ।

# २१ हजारलाई स्वास्थ्य सेवा प्रदान




**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, २ साउन

दोलखाको सदरमुकाम चरिकोटस्थित पशुपति चौलागाईं स्मृति अस्पतालले २१ हजार ५ जनालाई सेवा प्रदान गरेको छ । गत आर्थिक वर्षमा अस्पतालले आठ हजार ९ सय २ पुरुष र १२ हजार १ सय ३ जना महिलालाई स्वास्थ्य सेवा प्रदान गरेको हो ।

अस्पताल प्रमुख डा. ज्ञानेश्वर श्रेष्ठका अनुसार अस्पतालले विशिष्टीकृत सेवासमेत प्रदान गरेको छ । विशिष्टीकृत सेवाअन्तर्गत हाडजोर्नी तथा नसासम्बन्धी चार सय ४०, मुटु रोगसम्बन्धी विशेषज्ञ सेवा एक सय २०, मानसिक रोगको विशेषज्ञ सेवा एक सय ५० र इन्ड्रोक्राइन एक सय ४३ जनालाई प्रदान गरिएको उनले बताए ।

आफ्नो नेतृत्वमा स्वास्थ्यकर्मीसहितको टोलीले सहुलियत शुल्कमा विश्वसनीय, भरपर्दो र सहज तवरले स्वास्थ्यसम्बन्धी सेवा प्रवाह गर्ने हुँदा अस्पतालप्रति नागरिकको विश्वास बढ्दो क्रममा रहेको अस्पताल प्रमुख डा. श्रेष्ठले जिकिर गरे । उनका अनुसार अस्पतालमा जिल्ला बाहिरका बिरामीसमेत उपचार सेवाका लागि आउने गरेका छन् ।

स्रोतसाधन, प्रविधि र क्षमताले भ्याएसम्मका सेवा प्रवाहका लागि अस्पतालले अहोरात्र मिहेनत गरिरहेको उनले उल्लेख गरे । अहिले अस्पतालमा प्रवाह हुने बाहेकका सेवाका लागि काठमाडौं लगायतका सहरमा धाउनुपर्ने अवस्थालाई अन्त्यका गर्न अस्पतालले थप सेवा विस्तार गर्ने योजना बनाएपनि सफल हुन नसकेको बताए । भवन र दक्ष जनशक्तिको अभावमा डायलासिसलगायतका थप सेवा विस्तारमा समस्या भएको उनले बताए ।

सेवाग्राहीलाई सन्तुष्टि हुने खालको सेवा प्रदान गरिएको दाबी गर्दै अस्पताल व्यवस्थापन समिति अध्यक्ष भरत नारायण प्रधानले यो वर्षदेखि थप गुणस्तरीय सेवा प्रदान गर्ने बताए । उनले मुख्यमन्त्री जनता कार्यक्रम, डायलासिस सेवा र सामाजिक सेवा इकाइ कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउने उल्लेख गरे । अस्पतालले दाँतका बिरामीलाई मध्यनजर गरी दन्त सेवा निःशुल्क प्रदान गर्ने जनाएको छ ।

**रौतहट डायरी**
**प्रेमचन्द्र झा/मध्यान्ह**

# मधेश प्रदेशका विद्यालयलाई प्राविधिकमैत्री बनाइने



मधेश सरकारका शिक्षा तथा सामाजिक विकास मन्त्री महेश यादवले प्रदेशका विद्यालयलाई प्राविधिकमैत्री बनाउन लागिएको बताएका छन् ।

सिमान्तकृत समुदायका बालबालिकाको बाल संरक्षण तथा कल्याण सुनिश्चितता परियोजनाको समापन प्रगति समीक्षा कार्यशाला गोष्ठीमा प्रमुख अतिथि मन्त्री यादवले विद्यालय व्यवस्थित गर्ने तथा अलपत्र शिक्षकलाई काममा लगाउने कार्यको थालनी गरेको बताए । आफुले मन्त्री पदको सपथ लिएपछि साक्षर मधेश बनाउन गरेको पहिलो निर्णय स्मरण गर्दै उनले कार्यान्वयनतर्फ अघि बढेको बताए ।

माफियाका कारण मधेशको शिक्षा क्षेत्र बदनाम भएको र कमाइ खाने भाँडो भएको भन्दै उनले चिन्ता व्यक्त गरे । मन्त्री यादवले त्यस्ता व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन प्रयासरत रहेको पनि बताए ।

शिक्षाको स्तर बढाउन अनेकन प्रयास जारी राखेपनि शिक्षा ऐनको अभावमा सोचेजस्तो प्रगति नभएको उनको भनाइ छ ।

मन्त्री यादवले शिक्षा ऐन बनाउन काम भइरहेको बताउँदै युवा-बालबालिका ऐन सदनमा टेबुल भइ समितिमा फर्किसकेकाले अब छिट्टै पास हुने बताए । कार्यक्रममा मधेश प्रदेश सरकारका विना विभागीय राज्यमन्त्री अबुल कलाम अजादले झोलामा सञ्चालित संघसंस्थालाई ग्रामीण विकास केन्द्रले चुनौती दिएको बताए ।

इस्लामिक रिलिफ सोसाइटी बेलायतको सहयोगमा ग्रामीण विकास केन्द्र नेपालका अध्यक्ष पारस हुसेनको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति रौतहटका प्रमुख राम अयोध्या प्रसाद यादव, गुजरा नगरपालिकाका नगर उपप्रमुख रत्ना कुमारी लामा, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शिवपुरीसहितले आरडीसी नेपालले सामाजिक क्षेत्रमा गरेको कामको प्रशंसा गरेका थिए ।

सो अवसरमा परियोजनाबाट प्राप्त उपब्धलाई समेटेर तयार पारिएको वृत्तचित्र इच्छा थापाले प्रस्तुत गरेकी थिइन् । परियोजनाले जिल्लाका कटहरिया र गुजरा नगरपालिकाका २ सय ६४ सिमान्तकृत परिवारलाई मागको आधारमा ५० हजार रुपैयाँका दरले सहयोग गरेको, अभिभावक नभएका २ सय ६४ बाल बालिकालाई आवश्यकताको आधारमा शिक्षा, रोजगारमुलक तथा सीपमूलक काममा सहयोग गरिएको जानकारी दिइएको थियो ।

# सवारी साधनको कारबाहीबाट तीन करोड बढी राजस्व संकलन



ट्राफिक प्रहरी कार्यालय रौतहटले आर्थिक वर्ष २०७९/०८० मा तीन करोडभन्दा बढी राजस्व संकलन गरेको छ । रौतहटका विभिन्न ठाउँमा सञ्चालित सवारी साधनलाई गरेको कारबाहीबाट तीन करोड १० लाख ४ हजार रुपैयाँ राजस्व संकलन गरिएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका अनुसार यो राजस्व आर्थिक वर्ष २०७८/७९ को भन्दा १ करोड २२ लाखले बढी अर्थात् ६८ प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो आर्थिक वर्षमा १ करोड ७८ लाख ७० हजार पाँच सय रुपैयाँ राजस्व संकलन भएको थियो भने यो आर्थिक वर्षमा तीन करोड १० लाख चार हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

सोही अवधिमा जिल्लाभरिका ट्राफिक नियम विपरित चलेका कुल ३८ हजार पाँचसय ८२ सवारी साधनलाई कारबाही गरिएको हो । जुन गत वर्षको कारबाहीको तुलनामा ९७ प्रतिशतले वृद्धि भएको हो । गत वर्ष जिल्लाभरीमा मात्र १९ हजार ६०० सवारी साधनलाई कारबाही गरिएको ट्राफिक प्रहरीको तथ्यांकमा उल्लेख छ ।

प्रहरी निरीक्षक(इन्सपेक्टर) विमला कुमारी कठायत लगायत सम्पूर्ण युनिटको सक्रियताले गत वर्षको तुलनामा यसवर्ष सवारी दुर्घटनामा झण्डै १० प्रतिशत, घाइतेमा साढे १० प्रतिशत र दुर्घटनामा मृत्यु हुनेमा ३० प्रतिशतले कमी भएको छ ।

आर्थिक वर्ष २०७९/०८० मा कूल ६४५ दुर्घटनामा परेर एक हजार ४७ जना मानिस घाइते भएका थिए भने ५० जना मानिसको मृत्यु भएको इन्सपेक्टर कठायतले जानकारी दिइन् । जबकी अघिल्लो आर्थिक वर्षमा जिल्लाभरिमा भएको कुल ७१३ सवारी दुर्घटनामा ११ सय ७१ जना मानिस घाइते र ७२ जना मानिसको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटको तथ्यांकमा उल्लेख छ । प्रमुख कठायतका अनुसार गएको आर्थिक वर्षमा सबैभन्दा बढी मोटरसाइकल कारबाहीमा परेका छन् । धेरैजसो सवार ासाधनका कागजपत्र नबोकेका, क्षमताभन्दा बढी यात्रु बोकेका, बढी मालसामान ढुवानी गरेका, लाइसेन्स नभएका र ट्राफिक नियम पालना नगरेका कारण सवारीसाधन कारबाही पर्ने गरेको कठायतले बताइन् । यस वर्ष बढी राजस्व संकलन हुनुको प्रमुख कारण ट्राफिक प्रहरीको सक्रियता रहेको बताइको छ । यता प्रमुख कठायतले भने कम जनशक्तिका बाबजुद पनि रौतहट ट्राफिकले उल्लेख्य रूपमा राजस्व संकलन गरेको दाबी गरेकी छन् ।

यस वर्ष दुर्घटनामा कमी हुनुका विभिन्न कारण रहेको इन्सपेक्टर कठायतको भनाइ छ । उनले ट्राफिक जनचेतनामूलक कार्यक्रम तीव्र हुनु, ट्राफिक नियम उलंघन गर्ने चालकलाई कक्षा दिनु, ट्राफिक प्रहरीको सक्रियता, चेकजाँचमा कडाइ, राति १० बजेसम्म चेकिङले दुर्घटनामा कमी आएको हुनसक्ने बताइन् ।

# राजर्षिजनक विश्वविद्यालयको उपकुलपतिमा यादव नियुक्त



**काठमाडौं/मस**–राजर्षिजनक विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा. अमरप्रसाद यादव नियुक्त भएका छन् । सिफारिस समितिले गरेको सिफारिसका आधारमा विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यादवलाई उपकुलपति नियुक्त गरेका हुन् । खुला प्रतिष्पर्धाबाट उपकुलपति नियुक्ति गर्नका लागि राष्ट्रिय योजना आयोगका सदस्य हाल कार्यबाहक उपाध्यक्ष) डा. रामकुमार फुयाँलको संयोजकत्वमा सिफारिस समिति गठन गरिएको थियो । समितिमा खुला विश्व विद्यालयकी उपकुलपति प्रा.डा. शिलु मानन्धर र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदी सदस्य थिए ।

विश्व विद्यालयको कुलपति नियुक्तिमा पहिलो पटक स्वच्छ प्रतिष्पर्धा गराएर हाम्रो नभइ राम्रो मान्छे नियुक्त गरिएको सिफारिस समितिका संयोजक डा. फुयाँलले बताए । उनका अनुसार उपकुलपतिका लागि १८ जनाको आवेदन परेको थियो । प्राप्त आवेदन मध्ये २ जनाको आवेदन रद्द गरिएको थियो भने १६ जनाको नाम पहिलो चरणमा छनोट गरिएको थियो ।

१६ जनामा पनि प्रस्तुति गराएर ६ जनाको नाम सर्ट लिस्ट गरिएको थियो । दोस्रो पटकको छनोटमा ६ जनाबाट ३ जनाको नाम गत २६ गते बुधबार कुलपति तथा प्रधानमन्त्री दाहाल समक्ष सिफारिस गरिएको थियो । सिफारिसको पहिलो नम्बरमा रहेका यादवलाई प्रधानमन्त्रीले उपकुलपति नियुक्त गरेका हुन् ।

# तस्करीको सुन बिक्रीमा संलग्न पाँच जनालाई थुनामा पठाउने आदेश



**काठमाठौं/मस**–काठमाडौं जिल्ला अदालतले 'भेप'को प्याकेटमा तस्करी गरी ल्याइएको सुन चोरी गरी बिक्री वितरणमा संलग्न रहेकामध्ये पाँच जनालाई थुनामा पठाउने आदेश दिएको छ ।

न्यायाधीश दीपक ढकालको इजलासले उक्त प्रकरणमा पक्राउ परी हाल हिरासतमा रहेका सुन चोरी र बिक्री वितरणमा संलग्न नायब सुब्बा रेवन्त खड्का, सेक्युरिटी गार्ड निर्मलकुमार विक, भन्सार एजेन्ट दिनेश बस्नेत, व्यापारी वेदप्रकाश अग्रवाल र साहेवराव पाण्डुरङ मरगलेलाई मुद्दा पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिनुभएको काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दिपक दाहालले बताए । उनका अनुसार उक्त प्रकरणमा संलग्न भनिएका अर्का प्रतिवादी अमृत कार्कीलाई भने साधारण तारेखमा छोड्न आदेश भएको छ । प्रहरीले भेपमा सुन तस्करी र चोरी प्रकरणमा प्रतिवादी बनाइ अदालतमा छ जनालाई नै पेस गरेको थियो ।

गत पुस १० गते 'फ्लाई दुबई'बाट नेपाल आएका चिनियाँ यात्रु ली हानसोङले लगेजमा राखी भेपभित्र सुन तस्करी गरी ल्याएका र व्यापारिक प्रयोजनका लागि अवैध ढंगले ल्याएको भनी उक्त 'भेप' जफत गरिएको थियो । सोही सुन चोरी गरी बिक्री वितरणमा संलग्न रहेको भन्दै प्रहरीले छ जनालाई पक्राउ गरेको थियो ।

# १० हजार डलरसहित विदेशी नागरिक पक्राउ

**काठमाडौं/मस**–नेपाल प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १० हजार डलरसहित एकजना विदेशी नागरिकलाई पक्राउ गरेको छ ।

विमानस्थल सुरक्षार्थ खटिएको नेपाल प्रहरीको नेपाल एयरलाइन्सको उडानमार्फत काठमाडौंदेखि दुवई जान लागेका लेवनानका नागरिक ४२ वर्षीय एल यमन महमदलाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हाते झोला चेकजाँच क्षेत्रमा जाँच गर्ने क्रममा झोलामा लुकाएर लैजान लागेको रु एक सय दरका एक सय थान अमेरिकी डलर फेला पारेपछि उनलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ । पक्राउ परेका उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक पठाइएको छ ।

## फेसबुक...

हुने कांग्रेसको बैठक मंगलबार भने देश-विदेशमा रहेका नेपालीले फेसबुकमार्फत प्रत्यक्ष प्रसारणमा हेरे । केन्द्रीय सदस्य गुरु बराल भन्छन्, 'आम मानिसालाई प्रत्यक्ष पहुँच दिएर बैठक गर्नु राम्रो हो, नेपाली राजनीतिमा यो नयाँ प्रयोग पनि हो ।' पार्टीका सबै कुरा सञ्जालमा पोख्दा झन् खति हुने पो हो कि भन्ने उनको चिन्ता छ ।

अर्का केन्द्रीय सदस्य रामहरि खतिवडा 'कोठे बैठकमा के-के होला भनेर अन्दाज लगाउने जनताले पनि सबैकुरा छर्लंग देख्न/सुन्न पाउनु' सकारात्मक रहेको बताउँछन् । उनी भन्छन्, 'बैठकमा एउटा कुरा गर्ने, बाहिर आएर अर्को कुरा भनिदिने प्रवृति अब बन्द हुनेछ । फेसबुकमै भए पनि प्रत्यक्ष प्रसारण गर्ने कुराले अब विगतको गलत अभ्यास नदोहोरिने विश्वास छ ।'

विधानले हरेक दुई महिनामा एक पटक बस्नुपर्ने भनेको केन्द्रीय कार्यसमितिको बैठक समेत आफूअनुकूल नहुँदा एक वर्षसम्म नबोलाएका सभापति देउवामाथि असक्षम र परम्परागत कार्यशैली अपनाएको आरोप खेप्दै आएका छन् । तर, आफूविरुद्ध चर्को आलोचना भइरहेकै बेला देउवाले बैठक प्रत्यक्ष प्रसारण गर्ने भन्ने नयाँ प्रयोग अघि सारेर पार्टीमा एकथरी तरुण पुस्तालाई आफूतिर आकर्षित गरेका छन् ।

## अन्तरजातीय...

लगायत केही व्यक्तिका विरुद्ध अपहरणको जाहेरी दिइएको थियो । जाहेरी दिइए पनि अपहरण हो वा होइन भन्ने विवाह दर्ता गरेबाट खुलेको हो । गाउँबाट भागेका उनीहरुले २१ जेठ २०८० मा कपिलवस्तु जिल्ला अदालतबाट बिहे दर्ता गरे र प्रमाणपत्र समेत लिएका थिए । त्यसपछि उनीहरु घर फर्केको मौकामा प्रहरीले मनोज रामलाई पक्राउ गरी मुद्दा चलाएको थियो ।

अपहरणको मुद्दा परेपछि केटीले 'आफूलाई बेपत्ता पारिएको नभई मनोज कुमार रामसँग विवाह गरेको र उनी आफ्नो पति भएको' भनी निवेदन दिएकी थिइन् । यी सबै विवरण थाह पाएपछि न्यायाधीशहरु सुष्मालता माथेमा र तिलप्रसाद श्रेष्ठको इजलासले मनोज रामलाई थुनामा राख्नुपर्ने आवश्यकता नरहेको भन्दै थुनामुक्त गर्न आदेश दिएको हो ।

'अन्य प्रमाणहरुबाट अपहरण गरी बेपत्ता पारेको देखिएमा सप्तरी जिल्ला अदालतमा विचाराधीन मुद्दामा ठहरे बमोजिम हुने नै हुँदा न्याय र कानूनको रोहबाट मनोज रामलाई थुनामै राख्नुपर्ने अवस्था विद्यमानता नदेखिँदा मुद्दाको तारेखमा रहने गरी थुनाबाट मुक्त गरी दिनू' आदेशमा भनिएको छ ।

## साउदीमा...

विभिन्न नाममा अतिरिक्त रकम असुल्ने गरेको पाइएको भन्दै राहदानी बनाउने बेला दूतावासमा राजस्व बुझाएपछि फेरि राहदानी प्राप्त गर्ने बेला कहीँ कतै कसैलाई कुनै पनि रकम तिर्नु नपर्ने बताएको छ । कोही व्यक्ति वा संघसंस्थाले सेवाको नाममा अनधिकृतरूपमा रकम लिएमा त्यो ठगी हुने र त्यसको जवाफदेहिता आफूले नलिने दूतावासले स्पष्ट पारेको छ ।

यसैगरी दूतावासमा राहदानीको आवेदन दिएका कतिपयलाई आवेदन रिजेक्ट भएको म्यासेज आएको भए पनि राहदानी बनेर आउने भएकाले अन्योलमा नपर्नसमेत सूचनामार्फत आग्रह गरेको छ ।

## वैदेशिक...

हाल ४२ वटा कम्पनीले साधारण शेयर निष्कासनको अनुमति पाएका छन् । सर्वसाधारणले पनि ती कम्पनीमा लगानी गर्ने पाउँछन् । तर वैदेशिक रोजगारमा रहेकाहरूको संख्या नै सर्वसाधारण आवेदकको संख्या भन्दा थोरै हुने हुँदा उनीहरुलाई माग गरेअनुसारको शेयर पर्ने गरेको छ ।

# झण्डै तीन हजारमा डेंगु संक्रमण

मध्यान्ह संवाददाता
काठमाडौं, २ साउन




नेपालमा पछिल्लो समय डेंगु संक्रमण बढ्दै गएको पाइएको छ। पानी लगातार पर्न थालेपछि डेंगु संक्रमण बढ्न थालेको हो।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक रुद्रप्रसाद मरासिनीले एक हप्ता यता संक्रमणदर बढेको बताए।

उनका अनुसार लगातार परिरहेको पानीले गर्दा सरसफाइमा ध्यान पुग्न सकेको छैन। सोही कारण सङ्क्रमण दैनिक बढिरहेको छ। पानी परेसँगै पानी जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्न थालेर संक्रमण दिनानुदिन बढिरहेको निर्देशक मरासिनीले जानकारी दिए।

डेंगु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ। ती फुल लार्भा बन्छ र त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोक्छ र डेंगु संक्रमण हुन्छ। एक हप्तामा बीचमा एक हजारभन्दा बढी डेंगुका बिरामी भेटिएका छन्।

महाशाखाका अनुसार यही असार २७ गते एक हजार तीन सय ३७ संक्रमण भएकोमा साउन १ गते सम्म आइपुग्दा संख्या बढेर दुई हजार नौ सय ३० जनामा डेंगुको संक्रमण देखिएको छ।

यसपटक कोशी प्रदेशमा संक्रमण बढेको पाइएको छ। कोशी प्रदेशमा एक हजार सात सय ४६, बागमती प्रदेशमा चार सय ६८, सुदूरपश्चिम प्रदेशमा दुई सय ७९, गण्डकी प्रदेशमा दुई सय ६९, लुम्बिनी प्रदेशमा एक सय ३४, कर्णाली प्रदेशमा १८ जना र मधेस प्रदेशमा १६ जनामा संक्रमण देखिएको छ।

नयाँ देखिएका बिरामीमध्ये ८२ प्रतिशत बिरामी १० जिल्लाका रहेका छन्। सबभन्दा बढी सुनसरी जिल्लामा एक हजार पाँच सय ७१, धादिङ दुई सय ५६, दार्चुला एक सय ८८, कास्की एक सय ४९, संखुवासभा ५८, काठमाडौंमा ४६, कन्चनपुर ३९, भक्तपुर ३५, म्याग्दी ३५ र झापा ३२ जनामा डेंगुका बिरामी भेटिएका छन्।

# भगवानपुरमा लम्पी स्किन रोगको स्थलगत जाँच तथा निःशुल्क औषधि वितरण



मनु यादव निरज/मध्यान्ह
सिरहा, २ साउन

सिरहाको भगवानपुर गाउँपालिकामा पशुचौपायामा लाग्ने लम्पी स्किन रोगको स्थलगत जाँच तथा निःशुल्क औषधि वितरण गरिएको छ।


लम्पी स्किन रोगको स्थलगत जाँचका लागि गाउँपालिकाको पशु सेवा शाखाका प्रमुख रामसुन्दर दास तथा डा. राजेन्द्रप्रसाद यादवको नेतृत्वमा प्राविधिक टोली गाउँ गाउँमा खटिएका छन्। टोलीले किसानको घर गोठमा पुगेर पशुलाई चेकजाँच गरी निःशुल्क औषधि वितरण गरिरहेको भगवानपुर पशु शाखाका प्रमुख दासले जानकारी दिए।

भगवानपुर वडा नं. २, वडा नं. ३ अभयनगर, मरिकटोल वडा नं.५ इनर्वा लालपुरलगायतका स्थानमा ५ सय ७५ पशुचौपायाको चेकजाँच गरिएको र त्यसमध्ये हालसम्म १ सय ७५ वटा पशुमा लम्पी स्किन रोगबाट प्रभावित भएको पशु शाखा प्रमुख दासले बताए। १६ वटा पशु भने लम्पी स्किन रोगबाट मरेको उनले जानकारी दिए।

भगवानपुर गाउँपालिका अध्यक्ष उग्र नारायण यादवले पशु शाखलाई यस रोगको नियन्त्रण गर्न भ्याक्सिन तथा औषधिसहित किसानको घर गोठसम्म पुग्न र उपचार गर्नका लागि निर्देशन दिएका छन्।

# बाँफिकोटका दुई वडाले गाउँपालिकाले दिएको मोटरसाइकल नलिने

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, २ साउन



रुकुम पशिमको बाँफिकोट गाउँपालिकाका दुई वटा वडाले गाउपालिकाले दिएको मोटरसाइकल नलिने भएका छन्। नवौं गाउँ सभाबाट २०८०/२०८१ को पारित भएको बजेटमा गाउँपालिकाले १० वटा मोटरसाइकल, दुई वटा स्कुटर र एक वटा गाडी वडा कार्यालयलाई दिने उल्लेख छ।

तर गाउँपालिकाले दिने मोटरसाइकल वडा नं ३ र वडा नं १० ले भने नलिने घोषणा गरेका हुन्। सामाजिक सञ्जाल फेसबुकमा सूचना जारी गर्दै वडा नं १० का अध्यक्ष हरि चन्दले आफूले वडाबाट मालपोत कर र अन्य कर छुट गरेको बताउँदै भनेका छन्, 'यस अर्थमा मैले गाउँपालिकाबाट बाइक नलिने घोषणा गरेको हुँ।' अध्यक्ष चन्दले वडा कार्यालयमा बाइकको अभाव नभएको जानकारी दिए। बाइकको सट्टा पैसा नै दिन उनको अनुरोध छ। उक्त पैसा भने विकास निर्माणको काममा खर्च गर्ने उनले बताए।

त्यस्तै वडा नं ३ का अध्यक्ष तिलबिर केसीले पनि मोटरसाइल नलिने घोषणा गरेका छन्। मोटरसाइकल किन्ने पैसा वडा कार्यलयको हकहितका निम्ति खर्च गरिने उनले बताएका छन्। आफु जनताको निम्ति काम गर्न आएको र सधैंभरि पैदल हिँडेर काम गर्ने अध्यक्ष केसीको भनाइ छ। आफूले वडा कार्यालयबाट पाएको सेवासुविधाबापत १९ हजार पनि जनताकै सेवा सुविधामा खर्च गर्ने वडा अध्यक्ष केसीको भनाइ छ, दुवै वडा अध्यक्ष नेकपा माओवादी केन्द्रबाट निर्वाचित वडा अध्यक्ष हुन्।

# सिरहामा एक वृद्धको शव फेला

रामएकवाल राम/मध्यान्ह
लहान, २ साउन



सिरहामा एक पुरुषको बेवारिसे अवस्थामा शव फेला परेको छ। सिरहाको लहान नगरपालिका १० गुदिगाउँस्थित मंगलबार सडकमा एक पुरुषको शव फेला परेको सिरहा प्रहरीले जनाएको छ।

लहान- १४ बस्तीपुर स्थित छोराबुहारीको घरमा आएका करिब ७० वर्षीय गंगाबहादुर परियारको शव भेटिएको हो। लहान नगरपालिका- १७ रुम्जाटार घर भएका परियार केही दिन पहिले लहान- १४ बस्तीपुरमा बसोवास गर्दै आएका छोराबुहारी भेट्न आएको स्थानीयहरुले बताएका छन्।

सोमबार अत्यधिक मदिरा सेवन गरी साँझ घर फर्किने क्रममा सडकमा लडेको र बिहान मृत फेला परेको प्रहरीको प्रारम्भिक निष्कर्ष रहेको छ। शवको प्रकृति हेर्दा अत्यधिक मदिरा सेवन गरेजस्तो देखिएको इलाका प्रहरी कार्यालय लहानका प्रहरी निरीक्षक कोमल ठाकुरले बताए। उनका अनुसार शव पोस्टमार्टमका लागि लहान प्रादेशिक अस्पताल पठाइएको छ।

# दार्चुलामा कुटाकुट, चार जना घाइते

दिपक बाबू साउाद/मध्यान्ह
दार्चुला, २ साउन



दार्चुलाका दुई होटलमा कुटाकुट हुँदा चार जना घाइते भएका छन्। जिल्ला सदरमुकाम खलंगास्थितको वेलकम रेष्टुरेन्ट एण्ड बार र अपि होटल एण्ड रेष्टुरेन्टमा चारै जनाबीच एकआपसमा विवाद हुँदा कुटाकुट भएको हो। घाइते हुनेमा नेकपा एमाले जिल्ला कमिटी उपाध्यक्ष चरनसिंह बुढाथोकी, राष्ट्रिय युवा संघ नेपाल दार्चुलाका अध्यक्ष अनिल सिंह ठगुन्ना, महाकाली नगरपालिका-१ मलेराका प्रकाश सिंह कार्की र सोही ठाउँका अर्का प्रकाश सिंह कार्की रहेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी ज्ञानेन्द्र बहादुर सिंहले मध्यान्हलाई जानकारी दिए।

सोमबार दिउँसो शुरुमा घाटबजारस्थित वेलकम रेष्टुरेन्टमा विवाद हुँदा उनीहरुबीच झडप भएको थियो। त्यहाँको झडपमा प्रकाश सिंह कार्की कुटिएका थिए। त्यहाँको झडप साम्य भएपछि पुनः एनआइसी एशिया बैंक नजिकको अपि होटल एण्ड रेष्टुरेन्टमा बदलास्वरुप उनीहरुबीच पुनः झडप भएको प्रहरीले जनाएको छ। झडपमा बियरका बोतल प्रहार गर्दा चारै जना घाइते भएका छन्।

घाइतेरुको जिल्ला अस्पताल दार्चुलामा सामान्य उपचारपछि थप उपचारका लागि धनगढी पठाइएको छ। घाइतेमध्ये अनिल सिंह ठगुन्ना र प्रकाश कार्कीको टाउकोमा चोट लागेको छ भने प्रकाश सिंह कार्की र चरनसिंह बुढाथोकीको हात र शरीरमा चोट लागेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयले घटनाबारे अनुसन्धान भइरहेको बताएको छ।

# सामूहिक बलात्कार गरेको आरोपमा चार जना पक्राउ



पिन्टु यादव/मध्यान्ह
सप्तरी, २ साउन

सप्तरीमा १७ वर्षीया किशोरीलाई सामूहिक बलात्कार गरेको आरोपमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ। गत शुक्रबार राति किशोरीलाई डरधम्की देखाइ सामूहिक बलात्कार गरेको आरोपमा कैलाश पोखरेल, दिपेश सुवेदी, सुदिप भुजेल र मनोज विश्वकर्मालाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक दिपक राईले जानकारी दिए।

आरोपितमध्येका कैलाश पोखरेलसहित चार जनाले आफूलाई बलात्कार गरेको भन्दै पीडितले असार ३१ गते आफ्नो अविभावकलाई बताएकी थिइन्। त्यसपछि उक्त घटनामा संलग्न आरोपितहरुलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गर्न माग गर्दै पीडितका अविभावकले इलाका प्रहरी कार्यालय कञ्चनपुरमा साउन १ गते लिखित जाहेरी दिएका थिए।

प्रहरीमा पीडित र अविभावक जाहेरीसहित उपस्थित भएर जानकारी गराएपछि घटनामा संलग्न चारै जनालाई इलाका प्रहरी कार्यालय ठेलियाको टोलीले तत्कालै उनीहरुलाई पक्राउ गरेको हो। उनीहरुविरुद्ध जबरजस्ती करणीसम्बन्धी कसुरमा अनुसन्धान प्रक्रिया शुरु गरिएको प्रहरीले जानकारी दिएको छ।


## URGENTLY WANTED

**WE ARE SEEKING CHINESE TRANSLATOR STAFF**

**Requirements:**

- Job Description: Coordination between Guest & Staff in Gaming operations Area.
- Must be able to communicate in Chinese & English Language.
- Priority for Nepali candidates

**Interested candidates may apply with a recent passport size photopraph and C.V within 3 days in the following address:**

BALLY'S CASINO NEPAL
**BALLY'S NEPAL Pvt. Ltd**
The Malla Hotel, Lainchaur, Kathmandu
Email: hr.ballysnepal123@gmail.com
Ph:- 01-4433600, Ext-140, Mobile:- 9851274174


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/०५/२६ मा दर्ता भएको **प्रा.लि. नं. २२४२९१** को **बक्रकुण्ड यातायात प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/०३**

**स्काईकिडग प्लेसमेन्ट प्रा.लि.** को मिति २०७६/०५/२५ गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ईन्डो अरब मेनपावर प्रा.लि. (प्रा.लि. नं.: ५४२८३)** कायम गर्ने गरी मिति २०७६/०८/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

**यहाँ** JAPAN **र** KOREA **मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्कः** 01-4958923 / 01-4952044
**मोः** 9741818340 ( WhatsApp/Viber )



## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

**१. कम्पनी : SPINNEYS DUBAI LLC.** — **शहर : DUBAI**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ — चलानी नं.: ६०२०४८०७ — LT. No.: 289571

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 80 | 0 | सम्बन्धित काममा दक्ष | 2025 | ७२,२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Stall And Market Salesperson | 500 | 200 | | 2025 | ७२,२११ | | | | | | | |

**२. कम्पनी : SPINNEYS ABU DHABI LLC** — **शहर : ABU DHABI**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ — चलानी नं.: ६०२०४८०८ — LT. No.: 289573

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 265 | 35 | स. काममा दक्ष | 2025 | ७२,२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**३. कम्पनी : FINE FARE FOOD MARKET L.L.C** — **शहर : UAE**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ — चलानी नं.: ६०२०४८०९ — LT. No.: 289574

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 65 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७२,२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 65 | 20 | | 2025 | ७२,२११ | | | | | | | |

**अन्तर्वार्ता** Auricle Events, Narayan Gopal Chowk, **काठमाडौंमा २०८० साउन १०, ११ र १२ गते** (26, 27 & 28 July 2023) **मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ। उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ।**
**COOK, BARISTA, BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता। फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन। कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ।**

## साउदीमा रोजगार

**कम्पनीः** JARIR MARKETING CO.
**शहरः** Riyadh
पूर्व स्वीकृत मितिः२०८०/०४/०२ — चलानी नं.: ६०२०४८१० — LT. No.: 289568

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bus Driver | 7 | 0 | | 1800 | ६२८२० | | | | | | | |
| 3. | Loading And Unloading Labor | 15 | 0 | | 1500 | ५२,३५० | | | | | | | |
| 4. | Janitor | 8 | 0 | | 1500 | ५२,३५० | | | | | | | |

**अन्तर्वार्ता** Auricle Events, Narayan Gopal Chowk, **काठमाडौंमा २०८० साउन १४, १५ र १६ गते** (30, 31 July & 1 August 2023) **मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचालमा सम्पर्क गर्नुहोला। ८. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापत लाग्ने शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351

## मलेसियामा रोजगार

**कम्पनीः** EASTWAY COMNAGA SDN BHD
**शहरः** Malaysia, Penang
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ — चलानी नं.: ६०२०४८१७ — LT. No.:289535

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १० गते** (26 July 2023) **मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले व्यहोर्ने | रु. १,५००/- रोजगारदाताले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**J J Human Resource Pvt. Ltd.**
HUMAN RESOURCE PVT. LTD.
श्रम इजाजत नं.: १०४०/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu
Tel : 4486825 | 4486826 | Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com





## सम्पादकीय

# कांग्रेसले नदिएको सन्देश

एक वर्षदेखि बस्न नसकेको नेपाली कांग्रेस केन्द्रीय कार्य समितिको बैठक मंगलबारबाट शुरू भएको छ । केन्द्रीय मूख्यालय सानेपामा शुरू भएको बैठक फेसबुक पेजबाट प्रत्यक्ष प्रशारण गरिएको थियो । प्रत्यक्ष प्रशारण गरिएकाले कांग्रेस बैठकको एजेण्डा, छलफल र धारणा आमनागरिकले सुन्न/बुझ्न पाए । पार्टी जीवनमै पहिलोपटक गरिएको यस्तो शैलीले कांग्रेसलाई नागरिकप्रति उत्तरदायी पार्टी बन्न चाहेको जस पक्कै जानेछ । किनकि बन्दकोठामा हुने बैठक त्यसैको चौघेराभित्र सीमित हुनेथियो भने स्वार्थमा आधारित भएर नेताहरूले दिने सूचनाले तथ्यलाई छोप्ने खतरा रहँदै आएको थियो । तर प्रत्यक्ष प्रशारण हुँदा हरेक नेताको मूल्यांकन पार्टी पंक्तिदेखि आमनागरिक आफैले गर्न पाए । त्यसैले यस्तो शैलीलाई जोगाएर राख्नु राम्रो हुन्छ ।

छलफलका लागि प्रस्तुत एजेण्डासँगै महामन्त्री गगन थापाले वार्षिक क्यालेण्डर प्रस्ताव गरे । थापाको प्रस्ताव अनुमोदन हुने हो भने कांग्रेसले जनतासँग जोडिएर गतिशील हुने अवसर पाउने देखिन्छ । अझ पार्टी निर्माण र सामाजिक रूपान्तरणका निम्ति महत्वपूर्ण योगदान दिएका नेताहरूको नाम जोडेर विषयगत कार्यक्रम प्रस्ताव गरिएको छ । यदि थापाको प्रस्ताव अगाडि बढ्ने हो भने कांग्रेसलाई नागरिकको दुखसँग जोड्दै उत्तरदायी बनाउने आधार निर्माण हुने अपेक्षा गर्न सकिन्छ । तर प्रस्तावित कार्यक्रम अनुमोदन हुने र अनुमोदन भएको कार्यक्रम कार्यान्वयन हुने आशंका पर्याप्त गर्न सकिन्छ । किनकि बैठक नै बस्न नसक्ने, महाधिवेशन भएको डेढ वर्षसम्म कुनैपनि समितिले पूर्णता नपाउने र राष्ट्रिय राजनीतिमा उपयुक्त निर्णय लिन नसक्ने अवस्थाबाट गुज्रिएर रहेको कांग्रेसभित्र वर्षभर गतिशील र चुस्त हुने कार्यक्रम कार्यान्वयन हुन्छ भन्ने प्रष्ट आधार देखिदैन ।

अर्कातिर संगनात्मक सुधारका कार्यक्रम प्रस्तुत भएको कांग्रेस बैठकमा राष्ट्रिय राजनीति र मुलुकको अन्य संकटबारे पर्याप्त छलफल हुने देखिदैन । जबकी मुलुकको सवैभन्दा ठूलो दल भएकाले कांग्रेस बैठकले गर्ने निर्णयले समाजकै अवयवहरूमा अर्थ राख्छ । तर कांग्रेसले शरणार्थी प्रकरणमा तानिएका नेता बालकृष्ण खाँणलाई निलम्बन गर्ने निर्णय गरेर सुशासनको पक्षमा पार्टी रहेको सन्देश दिन चाहेको देखिएन । सभापति शेरबहादुर देउवा आफै सुशासनको पक्षमा पार्टी रहेको देखाउनेगरी खाँणलाई निलम्बन गर्न तयार देखिदैनन् । अर्थात् कांग्रेसले संगठन सुधारका केही राम्रै कदम चाल्ने संकेत गरेपनि प्रत्यक्ष प्रशारणबाट देखिएको र नेताहरूको मूड बुझ्दा राष्ट्रिय राजनीतिलाई सही बाटोमा लैजान प्रेरित गर्ने निर्णय भने गर्न देखिएन ।

# अन्तर-पार्टी संघर्ष

अग्रलेख



● राजन तिमल्सिना

विश्वका हरेक वस्तु, घटना र प्रक्रियाको विकास वा विनाशको प्रमुख कारणमा त्यसभित्र रहेको आन्तरिक अन्तरविरोध नै प्रधान रहन्छ । मालेमावादी पार्टीको विकासको आधारभूत र प्रमुख कारण पनि भित्री पार्टी संघर्ष नै हुन्छ । भित्री पार्टी संघर्षका अनेकौं जटिल चरणहरु पार गरेर नै क्रान्तिकारी पार्टीले क्रमशः परिपक्कता र श्रेष्ठता हासिल गर्न सक्छ ।

कहिलेकाहीँ पार्टीको अन्तर-पार्टी संघर्ष ठीकसँग सञ्चालनका नहुँदा भित्री पार्टी संघर्षका आधारभूत नियमहरु उल्लंघन हुन पुग्छन् । यस्ता नियमको सामान्य समझदारी नहुँदा पार्टीभित्र फूट तथा विभाजनका गम्भीर खतराहरु पैदा हुन्छन् । विश्व कम्युनिस्ट आन्दोलन तथा नेपाली कम्युनिस्ट आन्दोलनमा यस्ता परिघटनाहरु बारम्बार दोहोरिने घटनाक्रम हुन् । नेपालको कम्युनिस्ट आन्दोलनभित्र बितेका वर्षहरुमा ठूला-ठूला वादविवाद फूट र विभाजनका श्रृंखलाहरु यसैको परिणति हो ।

विगत इतिहासको समिक्षा गर्दै पार्टीभित्र देखिने गम्भीर तथा असामान्य स्थितको निरूपण गर्न सबै क्रान्तिकारीहरुले पार्टी, क्रान्ति, परिवर्तन र जनआकांक्षालाई केन्द्रमा राखेर सोच्नु आवश्यक छ । पार्टीभित्रका आन्तरिक अन्तरविरोध पार्टी पंक्ति बाहिर लाने र परिस्थितिलाई झनै उत्तेजित बनाउन लाग्नु पार्टी आनुशासन र गोपनीयता उल्लंघनका गम्भीर त्रुटीहरु हुन् । कतिपय समयमा पार्टीका भित्री निर्णयहरू मिडियामा पुग्नु ठूलै वैचारिक विचलन र प्रतिक्रान्तिकारी हर्कत पनि हो ।

पार्टीभित्र सामान्य अन्तरविरोध सुरु हुने वित्तिकै फुट हुनु नेपाली कम्युनिस्ट आन्दोलनभित्रको नियति नै भैसकेको छ । यस्ता फूट-विभाजनबाट अवसरवादी, प्रतिक्रियावादी र संशोधनवादी कित्तामा खुसी र हर्ष पैदा हुने गर्छ । यसले श्रमजीवी वर्गीय आन्दोलनलाई कमजोर र सुदुर भविश्यको विषय बनाउँछ । यो अवस्थामा श्रमजीवि जनतालाई खुसी पार्ने कि प्रतिक्रियावादी कित्तालाई खुसी पार्ने भन्ने कुरा सोचनीय विषय बन्न सक्दैन ? अन्तरपार्टी संघर्ष सञ्चालन गर्दा रचनात्मक ढंगले सञ्चालन गर्नुपर्छ भने वर्गबैरीसँगको अन्तरविरोध मात्रै ध्वंसात्मक हुने गर्छ । कहिलेकाहीँ क्रान्तिकारी पार्टीकै बीच पनि अन्तरविरोधहरु ध्वंसात्मक हुने गरेका छन् ।

संशोधनवादी, पुँजीवादी र प्रतिक्रियावादीसँग निर्मम वैचारिक संघर्ष गर्दै स्पातिलो नेतृत्वबाट मात्रै क्रान्तिको यूगीन कार्यभार पूरा हुन सक्छ । वर्गसंघर्ष र अन्तरसंघर्षको भट्टीमा खारिएको नेतृत्वले मात्रै वैचारिक र संगठनात्मक नेतृत्व प्रदान गर्न सक्छ । क्रान्तिकारी आन्दोलनको क्रममा हजारौं सहिदहरुको असंख्य त्याग र उच्च बलिदानको उर्जाले प्रज्वलित पार्टी पंक्तिले एकताको मर्म र क्रान्तिकारी कार्यभारलाई कदापि भुल्न सक्दैन । पार्टीलाई साँच्चिकै क्रान्तिकारी बनाउने हो भने कम्युनिस्ट आन्दोलनमा रहेको फूट र विभाजनका गम्भीर नकारात्मक प्रवृत्तिबाट शिक्षा लिँदै अवसरवादी, प्रतिक्रियावादी र संशोधनवादी षड्यन्त्रलाई सेवोटेज गर्दै अघि बढ्ने दृढ संकल्प लिनुपर्छ । क्रान्तिका मित्र शक्तिसँगको सम्बन्धलाई सुदृढ गर्दै वर्गबैरी विरुद्ध निर्मम बन्दै क्रान्तिको धावनमार्ग तय गर्नु वर्तमानको ऐतिहासिक कार्यभार बन्न गएको छ ।

नयाँ आधारमा नयाँ एकताको उर्जा थप्दै सबै फुटपरस्त प्रवृत्तिसँग लड्न मालेमाको वैचारिक अस्त्र मात्रै अन्तिम विकल्प हो । पार्टीभित्र हुर्कने नवट्राटस्की पन्थी पुच्छरवाद र लिनप्याओवादका विरुद्ध संघर्ष नगरी मालेमावादको रक्षा र विकास हुन सक्दैन । यो धरातलीय यथार्थबिना कुनै पनि जनपक्षीय सोचले मात्रै पनि क्रान्तिको यात्रालाई टेवा दिन सक्दैन ।



*कहिलेकाहीँ पार्टीको अन्तर-पार्टी संघर्ष ठिकसँग सञ्चालन नहुँदा भित्री पार्टी संघर्षका आधारभूत नियमहरु उल्लंघन हुन पुग्छन् । यस्ता नियमको सामान्य समझदारी नहुँदा पार्टीभित्र फुट तथा विभाजनका गम्भीर खतराहरु पैदा हुन्छन् । विश्व कम्युनिष्ट आन्दोलन तथा नेपाली कम्युनिष्ट आन्दोलनमा यस्ता परिघटनाहरु बारम्बार दोहोरिने घटनाक्रम हुन् ।*

हामीले असंख्य बाधा, कठिनाइ र अवरोधसँग निरन्तर जुधेर मात्रै क्रान्तिकारी अग्रगति लिन सक्छौं । आज हाम्रो पार्टी क्रान्तिकारी कम्युनिष्ट पार्टीले वैचारिक र संगठनात्मक फाँटमा अनेकौं समस्या र तगाराहरुको सामना गरिरहेको छ । जबसम्म यस्ता अवरोधलाई पन्छाउन सकिँदैन तबसम्म पार्टीलाई जीवन्त र संघर्षशील बनाउन सकिँदैन । पार्टीको आन्तरिक जीवनलाई गतिशील बनाउन वैचारिक क्षेत्रमा रहेको अस्पष्टतालाई उच्चस्तरीय स्कूलिङद्वारा प्रशिक्षित र रूपान्तरण गर्नुपर्छ ।

पार्टीभित्र मौलाउदै गएको निम्नपुँजीवादी र शून्यवादी चिन्तन प्रवृत्तिविरुद्ध निर्मम शल्यक्रिया नगरी क्रान्तिकारी विचार र कार्यदिशाको रक्षा गर्न सकिँदैन । वैचारिक, राजनीतिक, संगठनात्मक र सांस्कृतिकरूपले समृद्ध गर्दै एकतावद्ध र सुदृढ पार्टीले मात्रै जनआधारित श्रमजीवीवर्गको नेतृत्व गर्न सक्छ । पार्टीभित्र घूसपैठ भएका निम्नपुँजीवादी, अवसरवादी र संशोधनवादी अराजक तत्वहरूले पार्टी एकता र सर्वहारा दायित्व भूलेर नेतृत्व र वर्गप्रति घात गर्ने सिलसिला दोहोरिएको छ । सर्वहारा वर्गीय विचारबाट विचलित भएका निवर्गीय अवसरवादका विरुद्ध उनीहरुलाई विचार, विवेक व्यवहारद्वारा परस्त नगरी कम्युनिस्ट आन्दोलनलाई सही दिशानिर्देश गर्न सकिँदैन ।

अन्तर-पार्टी संघर्ष, पार्टीको स्वच्छता र स्वाधीनताको रक्षा गर्न, सर्वहारावर्गका उच्चतम हितहरुको प्रतिनिधित्व गर्न कार्यदिशाअनुरूप पार्टीका क्रियाकलापहरु अटुटरूपले सञ्चालित होउन भन्ने कुरा निश्चित गर्न र पार्टीको आधारभूत सर्वहारावर्गीय चरित्र सुरक्षित राख्ने अनिवार्य सर्त हो । यी उद्देश्यलाई केन्द्रमा राखेर अन्तर-पार्टी संघर्ष सञ्चालित हुनुपर्नेमा सो नभई दुश्मनकै योजनामा पार्टीलाई गम्भीर धक्का दिने दक्षिणपन्थी र वामपन्थी आक्रमण एकसाथ हुने गर्दछ । पार्टी आन्दोलनमा दक्षिणपन्थी वा वामपन्थी अवसरवादविरुद्धको संघर्षलाई सामान्यरूपमा लिँदा सर्वहारा वर्गलाई ठूलो नोक्सान हुने कुरा राष्ट्रिय र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका घटनाक्रमले पुष्टि गरेको छ ।

पार्टीबाट बहिर्गमित हुनेहरूले सिद्धान्त भनेको के हो, कुन समस्यामा सिद्धान्तसँग सम्बन्धित छन् र पार्टीको रणनीतिक र कार्यनीतिक कार्यदिशा के-के हुन् भन्ने कुरा बुझ्दैनन् । न त उनीहरूले सिद्धान्तहरु रणनैतिक योजनाहरु र कार्यनीतिक कार्यदिशाहरुमा देखापरेका मतभेदका बुँदाहरुलाई पक्रेर अन्तरसंघर्ष सञ्चालन गर्न नै जानेका छन् । केवल उनीहरूको सैद्धान्तिक स्तर अत्यन्तै तल्लोस्तरको हुने गर्छ र राजनीतिक र संगठनात्मक अनुभव पनि सीमित हुनेगर्छ । उनीहरुले महत्वपूर्ण मामिलाहरु पक्रन नसकी गैरराजनीतिक मुद्दामा अल्झदै पलायनता र विसर्जनको बाटो रोज्न पुग्छन् । अन्तर-पार्टी संघर्षभित्र देखिने यस्ता गलत तत्वहरुले जनवाद र केन्द्रीयताको अन्तरवस्तु समेत राम्रोसँग बुझ्न सक्दैनन् र पार्टीको स्थापित मूल्य मान्यता र विधि समेत कुल्चदै गैरसैद्धान्तिक लान्छना लगाउछन् । यसरी आफ्ना असन्तुष्टिलाई विभिन्न ढंगले आरोपित गर्दै आफैंलाई स्वच्छतावादी घोषणा गर्नु वैचारिक विचलनको पराकाष्ठा मात्रै हुन जान्छ । क्रान्तिकारीले अन्तर-पार्टी संघर्षलाई विचार र विधिको आधारमा हल गर्न सकिने कुरामा विस्वास गर्दछन् र जस्तोसुकै कठिन र अफ्ठ्यारो परिस्थितिमा पनि पार्टी एकता र सर्वहारावर्गीय दायित्वलाई कदापि भुल्न सक्दैनन् ।

*(लेखक तिमिल्सिना, क्रान्तिकारी कम्युनिष्ट पार्टीका नेता हुन् ।)*

## सामाजिक सञ्जाल



**- तारानाथ दाहाल**

नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक फेसबुकबाट लाइभ हुनु एक ऐतिहासिक घटना हो । अब कांग्रेसको यो नीतिगत तहले कसरी कम गर्छ वा गर्दैन भन्ने आम मानिसले सहजै थाह पाउने भए । यो यति सहजै होला भनेर कल्पना गरिएको थिएन । खुला बैठको पक्षधरका नाताले म खुसी छु । सबै दलको यसै होस् ।



**- सुर्यराज आचार्य**

केही वर्षदेखि चल्तिको राजनीतिको धुँवादार भाष्य जनताले दङ्ग पर्दै सुन्दै आएका थिए । अब चाहिँ नियत, व्यवहार र परिणाम पनि छ्याङ्गै देखे । आम जनताको राजनीति र राज्य व्यवस्थाप्रतिको दृष्टिकोण नसोचेको तहमा फेरबदल हुँदैछ । तर यस्तो फेरबदल बारेमा चल्तीको राजनीति बेखबर जस्तो देखिएको छ ।



**- कृष्ण घिमिरे**

जनतालाई के दिइयो, जनताले के पाए, जनता कहाँ छन्, यिनीहरुलाई थाहा छ ? यो औचित्यहिन, सेतो हात्ती, डेलिभरीबिहिन खन्चुवा प्रदेश संरचना खारेज गरौं । प्रदेश मात्र संघीयता होइन, गलत भाष्य प्रयोग नगरौं । संघीयता जनता केन्द्रित हुन्छ, प्रतित्युत्पादक खन्चुवा संरचना र त्यसमा रजगज गर्नेहरु होइन ।



**- जेपी गुप्ता**

नव मण्डलेहरूले नेपाली राष्ट्रियताका चार आधार- राजा, हिन्दू धर्म, जातीय एकता र नेपाली सेना भनी व्याख्या गरिरहेका छन् । राजा फालिए, देश धर्म निरपेक्ष भयो, संघीयता लागू भएर जातीय एकता छियाछिया भयो, अब राष्ट्रियताको एक मात्र स्तम्भ 'सेना' उपर प्रहार शुरू भयो भन्दैछन् । यो भाष्य नेपाली राष्ट्रियताको अपव्याख्या मात्रै हो । सबै सचेत हुनुपर्छ ।

## तपाईंको राशिफल

मेष : काम अधुरो रहनेछन् । स्वास्थ्य समस्या हुने योग छ ।

वृष : खर्चमाथि नियन्त्रण राख्नु होला । घरायासी विवादको योग छ ।

मिथुन : अचल सम्पत्तिमा वृद्धिको योग छ । लापरवाही गर्न हुँदैन ।

कर्कट : कार्यमा अलि रुकावट आउनेछ । सामान चोरिने योग छ ।

सिंह : आध्यात्मिक रुचिमा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला ।

कन्या : आकस्मिक लाभ हुने योग छ । वैवाहिक कार्यमा सफलता मिल्नेछ ।

तुला : दैनिक कार्यमा रुकावटको योग छ । विवाद गर्नु हुँदैन ।

वृश्चिक : व्यापारमा प्रगति हुनेछ । अनावश्यक देखासिकी नगर्नुहोला ।

धनु : सरकारी कार्य पूर्ण हुनेछ । तनाव लिनु हुँदैन ।

मकर : सोच विचार गरेर खर्च गर्नु होला । नयाँ साथी बन्नेछन् ।

कुम्भ : पारिवारिक जीवन सुखी रहनेछ । सबै कार्यमा प्रगति हुनेछ ।

मीन : कर्मचारीहरुमाथि नजर राख्नुपर्छ । लापरवाही गर्नु हुँदैन ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# संघीयताप्रति किन निराशा ?

विचार



● डा. दीपेन्द्र रोकाया

*नेपालको संघीयताले राजनैतिक द्वन्द्वको व्यवस्थापन गरेको छ । तर अधिकार प्रत्यायोजन गर्दा स्थानीय तहदेखि नै देखिएका भ्रष्टाचार, दण्डहीनता, जवाफदेही नहुनु, विकास निर्माण चुस्त नहुनु, विधिको शासन कमजोर हुनु, सुशासन कायम गर्न नसक्नु, राजनीतिमा योग्यभन्दा नातावाद र कृपावाद हाबी हुनुले जनतामा संघीयताप्रति निराशा पैदा भएको छ ।*

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन कैयौं सपूतहरुले ज्यान दिएका छन् । कैयौं योद्धा जिउँदा सहिद (घाइते र अपाङ्ग)का रूपमा बाँचिरहेका छन् । यो वा त्योरूपमा आम जनसमुदायको योगदान छ । परिवर्तनका लागि हत्केलामा जीवन राखेर अग्रमोर्चामा उभिएका हामीहरु पनि संघीय गणतन्त्रका जिउँदा मातापिता हौं । यसैले संघीय गणतन्त्रबारे नाजायज प्रश्न उठ्न दिनु हुँदैन । संघीयताका बारेमा बहस हुनुपर्छ, यसको सफल कार्यान्वयनका लागि तर, केहीले संविधान नै संशोधन गरेर पुरानै राज्य संरचनाको खोजी गर्न थालेको पाइन्छ । यसखाले प्रवृतिले जनमानसमा निरन्तर असन्तोष फैलाइरहेको पाइन्छ । उनीहरुले आफ्नो विगत भुलेका छन् । उनीहरुलाई नेपालको यो अवस्था रहनुमा उतिबेलाको राज्य व्यवस्था जिम्मेवार थियो भन्ने कुरा सम्झाइरहनु पर्छ र ?

संघीयता विरोधीहरू भन्छन्, संघीयताले देश टुक्रिन्छ, यो शासन व्यवस्था महँगो भयो, नेपालजस्तो बहुभाषिक, बहुसांस्कृतिक देशमा सफल हुँदैन, नेताहरूले विदेशीको डिजाइनमा संघीयता लादेका छन्, संघीयता ल्याएर पनि विकास त भएन आदि । द होली सी र प्यालेस्टाइनबाहेक १९३ देश संयुक्त राष्ट्र संघमा आबद्ध छन् । संयुक्त राष्ट्र संघमा आबद्ध भएका राष्ट्रहरुमध्ये ३० देशको शासकीय प्रणाली संघीय ढाँचामा छ । सामान्यतयाः ठूलो क्षेत्रफल भएका रुस, क्यानडा, अमेरिका, ब्राजिल, अष्टेलिया, भारत, अर्जेन्टिना, जर्मनी, दक्षिण अफ्रिकाजस्ता मुलुकहरुले संघीय पद्धति अपनाएका छन् भने क्षेत्रफलमा सानो तर ठूलो सामाजिक विविधता रहेको नेपाल जस्तै सेन्ट किट्स एण्ड नेभिस, माइक्रोनेसिया, कोमोरसजस्ता देशहरुले पनि संघीय व्यवस्था लागु गरेका छन् । संघीय राज्यहरुले संसदीय, राष्ट्रपतीय तथा मिश्रित शासन प्रणाली अपनाएका छन् ।

देशलाई संघीय एकाईमा रूपान्तरण गरी शक्ति बाडफाँटको सिद्धान्तअनुरूप राज्यसत्ता सञ्चालन गर्ने राजनीतिक पद्धतिलाई संघीयता भनिन्छ । यसले मुलुकको भौगोलिक अखण्डता र विविधतालाई समेट्ने काम गर्छ । शक्ति बाडफाँट चाहीँ राज्य शक्तिको समुचित वितरण गर्ने विधि हो । यो केन्द्रीकृत राज्य शक्तिलाई हरेक संघीय एकाइमा विकेन्द्रीकरण गर्ने प्रणाली हो । संघीयता संवैधानिक रूपमा स्थापित, स्वशासन र साझा शासनको मिलनबिन्दु हो ।

विभिन्न तथ्यहरुले बताउँछ, राज्य सानो हुँदा विदेशीले खाइदिने डर हुन्छ । राज्य ठूलो हुँदा आन्तरिक तनावले ध्वस्त हुने डर हुन्छ । यो दुबै शंकाको लाभ लिन संघीयतामा जाने गरिन्छ । भूगोल र जनसंख्या सानै भएपनि बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक, क्षेत्रीय विविधतायुक्त, साम्प्रदायिक बहुराष्ट्रियता भएका राज्यहरूमा पैदा भइरहने आन्तरिक तनावको व्यवस्थापन गरी एक व्यवस्थित र स्वस्थ राजनीतिक समाज निर्माण गर्न संघीयता चाहिन्छ भन्ने देखिन्छ ।

नेपालमा गोर्खा राज्यको विस्तार तथा त्यसपछिका शासकहरूले गरेका अन्यायपूर्ण तथ्यले संघीयताको खोजी गर्न बाध्य बनाएको हो । कर्णाली र सुदूरपश्चिमले यसअघि कहिल्यै आफ्नो देशबाट अभिभावकत्व पाएको अनुभव गर्न पाएन । तराईका थारु, पश्चिमका मगर, उपत्यका आसपासका तामाङ, पूर्वका राई लिम्बुले आफ्नो पहिचान मेटिँदै गएको अनुभव गरेका थिए । मधेशका मधेसीको पनि त्यही हालत थियो । हिन्दू वर्णाश्रम व्यवस्थाले दलित समुदायले आँखा जुधाएर बोल्ने अवस्था थिएन ।

केवल शासकहरूले आफ्नो सत्तालाई जोगाउन अरुको इतिहास र आवाज दबाउने, संस्कृति र परम्परा परिमार्जन गर्ने तथा स्रोत र अवसरको केन्द्रीकरण गरेका थिए । व्यक्तिवादी राष्ट्रियगान र नेपालको इतिहास भन्दै काठमाडौं र गोर्खा राज्यको मात्रै इतिहास पढाउने गरे । यस प्रवृतिले राज्यसत्ताबाटै यो देश मेरो पनि हो भन्ने भाव घटाइरहेको थियो ।

यही क्रममा पहिचानहरूको संयोजन गर्दा कर्नाली, सुदूरपश्चिम, मधेशी, मगर, थारू, तामाङ र किरातीले स्वायत्त शासन प्राप्त गर्ने चाहना राखेका हुन् । संविधानविद्हरुले पहिचान र सामर्थ्यका आधारमा प्रदेशहरू बनाउँदा धेरै समुदायका माग पुरा हुन सकेन । यसैले अहिले पनि पूर्वमा असन्तोषको मशाल बलिरहेको छ ।

संघीयताले युगोस्लाभिया टुट्यो भन्नेहरू पनि छन् । हरेक क्यान्टोनलाई चाहेका बेला आत्म निर्णयमा जाने अधिकार हुँदाहुँदै पनि स्विट्जरल्यान्ड किन टुटेन ? भनी हेर्न सक्नुपर्छ । टुटफुट संघीयताले नभई, साम्प्रदायिक राष्ट्रियताहरूको न्यायोचित सम्बोधन नगरिँदा विखण्डन हुने डर बढी हुन्छ । भारत ठूलो राज्य छ तर संघीयता भएकै कारण विखण्डनको जोखिमबाट हालसम्म बचेको छ । अमेरिका संघीयतामा जुटेकैले शक्तिशाली भएको हो ।

धेरैलाई संघीयता खर्चिलो भएको लाग्छ, तीन तहका करको भार बढेकाले । नेपाली राज्यले धान्न सक्दैन कि भन्ने लाग्नु स्वभाविकै हो । हिजो जन्मदैका जर्नेल कर्नेल पालेको तथ्य बिर्सेका छौ । यो अहिलेका जनप्रतिनिधिले जनताप्रति जवाफदेही हुने गरी शपथ खाँदा पनि आफ्नै नजिकका मान्छे देख्दा पत्याउन नसकिएको मात्र हो ।

संघीयता खारेज गर्दा प्रशासन व्यवस्था सस्तो हुन्छ र ? यसबाट सेवाप्रवाह र स्वायत्ततामा कस्तो असर पर्छ भन्ने हेर्नुपर्छ । राजनीतिक प्रतिनिधित्वले संघीयता बोझ भएको मान्ने हो भने प्रतिनिधित्वको संख्या घटाउन सकिन्छ । कर्मचारीतन्त्र बोझ भएको हो भने 'स्लिम एडमिनिस्ट्रेसन' बनाउन सकिन्छ ।

एकात्मक राज्यले आफ्नो शासन प्रणालीलाई समावेशी, सन्तुलित र सहभागीमूलक बनाई देशको अखण्डता कायम राख्न तहगत संरचना निर्धारण गरी निश्चित अधिकार प्रत्यायोजन गरेर बनाइने संघीय प्रणालीलाई स्वायत्ततामा आधारित मोडल भनिन्छ । नेपालको संघीयता यही मोडेलमा बनेको हो ।

नेपालको संघीयताले राजनैतिक द्वन्द्वको व्यवस्थापन गरेको छ । तर अधिकार प्रत्यायोजन गर्दा स्थानीय तहदेखि नै देखिएका भ्रष्टाचार, दण्डहीनता, जवाफदेही नहुनु, विकास निर्माण चुस्त नहुनु, विधिको शासन कमजोर हुनु, सुशासन कायम गर्न नसक्नु, राजनीतिमा योग्यभन्दा नातावाद र कृपावाद हावी हुनुले जनतामा संघीयताप्रति निराशा पैदा भएको छ । केही अध्ययनहरुले यही संकेत गरेको पाइन्छ ।

नेपालमा अहिल्यै संघीयता सफल भयो वा भएन, संघीयतालाई अगाडि बढाउने कि यही अन्त्य गर्ने भनी किटान गर्ने बेला भइसकेको छैन । २०७२ बाट नेपालको संविधान जारी भएपछि दोस्रो आम निर्वाचन भएको छ । संविधानमै भएका कतिपय प्रावधानका कारण स्थिर सरकार बन्ने अवस्था भएपनि व्यवहारिक रूपमा कठिन देखिएको छ । राजनीतिक स्थिरता नहुँदा अर्थतन्त्र धराशायी बनेको छ । सत्तामा पुग्ने दलका नेता तथा उच्चपदस्थ कर्मचारीहरुबाट अधिकारको सदुपयोग नहुँदा देशले प्रणालीगत सुधार गर्न सकेको छैन ।

*(लेखक, नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुन् ।)*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# विश्व अर्थतन्त्र टुक्रिने खतरा : विश्व बैंक प्रमुख



**काठमाडौं/एजेन्सी–** विश्व बैंकका प्रमुख अजय बङ्गाले धनी र गरिब राष्ट्रबीचको बढ्दो विभाजनले विकासशील मुलुकमा गरिबी बढ्ने खतरा रहेको बताएका छन् । विश्व बैंकका अध्यक्ष बङ्गाले प्रगतिको अभावमा विश्व अर्थतन्त्र टुक्रिने खतरा रहेको बताएका हुन् ।

गुजरात राज्यको गान्धीनगरमा वित्तमन्त्री र केन्द्रीय बैंकका प्रमुखहरूको दुई दिने बैठकमा बङ्गाले भने, 'अविश्वासले विश्वको उत्तर र दक्षिणलाई धनी र गरिबको बिभाजनले अलग गरिरहेको छ। हामी एकताबद्ध हुन आवश्यक छ ।'

अमेरिकी राष्ट्रपति जो बाइडेनद्वारा मनोनीत भएपछि गत महिना बैंकको नेतृत्व सम्हालेका अङ्गीकृत अमेरिकी नागरिक बङ्गाले भने, 'ग्लोबल साउथको निराशा बुझ्न सकिन्छ । धेरै तरिकामा उनीहरूले हाम्रो समृद्धिको मूल्य चुकाइरहेका छन्।' ग्लोबल साउथ भन्नाले अफ्रिका, ल्याटिन अमेरिका र क्यारिबियन तथा एशिया र ओशिनियाका क्षेत्रलाई बुझिन्छ ।

धेरै देशहरू अझै पनि कोरोनाभाइरस महामारीको दोहोरो प्रहार र युक्रेनमा रूसको युद्धको परिणामबाट उठ्ने क्रममा रहेका समय यो चेतावनी आएको हो । कोरोना भाइरस महामारी र रूस–युक्रेन युद्धले विश्वव्यापी ईन्धन र वस्तुहरूको मूल्यमा असर पारेको छ । यसैबीच, जलवायु परिवर्तनले सबैभन्दा कम सामना गर्न सक्ने केही गरिब देशहरूलाई सबैभन्दा पीडादायी रूपमा असर गरिरहेको छ । रूसले सोमबार काला सागर हुँदै युक्रेनी खाद्यान्न निर्यात गर्न दिने सम्झौता लम्ब्याउन अस्वीकार गरेपछि संयुक्त राष्ट्रसंघले विश्वका गरिब मुलुकका लाखौं जनताले 'मूल्य चुकाउनुपर्ने' चेतावनी दिएको हो । दक्षिण अफ्रिकाका अर्थमन्त्री हनोक गोडोङ्वानाले खाद्य वस्तुको मूल्यमा यसको असर पर्न सक्ने चेतावनी दिएका छन्। जर्मनीको केन्द्रीय बैंकका प्रमुख जोआचिम नागेलले एएफपीसँग भने, 'कमजोर देशहरूलाई कसरी सहयोग गर्ने भन्ने विषयमा छलफल गर्नु वास्तवमै अनौठो कुरा हो ।'

बङ्गाले एएफपीसँग भने, 'प्रतिज्ञा गरिएका स्रोतहरू युक्रेनको पुनः निर्माणमा मोडिनेछन् भनी उनीहरू चिन्तित छन् । जब निराशाहरू बढ्छन् उनीहरूलाई लाग्छ कि ऊर्जा नियमहरू समान रूपमा लागू हुँदैनन् । महत्वाकाङ्क्षालाई बाधा पुर्‍याउँछन् गरिबीको समस्याले अर्को पुस्तालाई अझ तल झार्नेछ भन्नेतर्फ उनीहरू चिन्तित छन् ।' उनले भने, 'विकासशील देशहरूमा युवाहरूको प्रतिशत सबैभन्दा बढी छ, तर यदि उनीहरूले शिक्षामा पहुँच र रोजगारी पाउन सके भने यो एउटा अवसर मात्र हो । यदि तिनीहरूले गरेनन् भने पनि यो जनसाङ्ख्यिकीय लाभांश होइन, यो देशहरूका लागि चुनौती हो ।'

विश्व बैंकले आफ्नो वित्तीय क्षमता बढाउनका लागि काम गरिरहेको बताएको छ, जसमा शेयरधनीहरूबाट 'हाइब्रिड' पुँजी वृद्धि गरेर रोजगारीलाई बढावा दिन सकिन्छ, तर भविष्यको अर्थव्यवस्था वातावरणको मूल्यमा विस्तारमा निर्भर हुन सक्दैन । 'सरल सत्य यो हो कि हामी उत्सर्जन–गहन वृद्धिको अर्को अवधि सहन सक्दैनौं,' बङ्गाले भने । संयुक्त राज्य अमेरिकाले विश्व बैंक र अन्य क्षेत्रीय संस्थाहरू जस्ता बहुपक्षीय ऋणदाताहरूको सुधारको प्रयासले आगामी दशकमा २०० अर्ब डलरको व्यवस्था गर्न सक्ने बताएको छ ।

# राहुल गान्धीको पुनरावेदनमा शुक्रबार सुनुवाइ हुने

**काठमाडौं/एजेन्सी–** गुजरात उच्च न्यायालयको आदेशविरूद्ध विपक्षी नेता राहुल गान्धीले दायर गरेको पुनरावेदनउपर आगामी शुक्रबार सर्वोच्च अदालतमा सुनुवाइ हुने भएको छ। मोदी थरलाई लिएर कांग्रेस नेता गान्धीले गरेको टिप्पणीबाट आफूहरूको मानहानि भएको भन्दै भारतीय जनता पार्टीका नेता पूर्णेश मोदीले दायर गरेको उजुरीलाई सदर गर्दै सुरत अदालत र गुजरात उच्च अदालतले गान्धीलाई दोषी ठहर्‍याएका थिए ।

सुरत अदालतको निर्णयसँगै नेता गान्धीको लोकसभा सांसद पद खारेज भएको थियो। आफूले चुनावी सभामा मोदी थरलाई लिएर गरेको टिप्पणीको अपख्याख्या भएको उल्लेख गर्दै तल्ला अदालतले गरेका निर्णइलाई चुनौती दिँदै उनले सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए। उनका वकिलहरूका अनुसार उक्त अदालतले आगामी शुक्रबार सुनुवाइ गर्ने जानकारी दिएको छ।

**सेभ स्माइल्स डेण्टल केयर प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७६/०८/१३ मा दर्ता भएको प्रा.लि. नं. २२९३०९/०७६/०७७ का सेभ स्माइल्स डेण्टल केयर प्रा.लि. को संचालकहरुको मिति २०८०/०४/०२ मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल, दामासाही ब्यवसायी इजाजत नं. ३५३**
**प्रतीक ल फर्म, भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**

**प्रो स्माइल्स डेण्टल क्लिनिक प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/१२/२१ मा दर्ता भएको प्रा.लि. नं. २१२४४०/०७५/०७६ का सेभ प्रो स्माइल डेण्टल क्लिनिक को संचालकहरुको मिति २०८०/०४/०२ मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल, दामासाही ब्यवसायी इजाजत नं. ३५३**
**प्रतीक ल फर्म, भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**

## कुवेतमा रोजगारको अवसर | कम्पनी : RETAJ FOR SWEETS AND PASTRIES COMPANY. शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०४ L.T. No.:289388

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Confectionery/kitchen Laborer | 12 | 12 | स. काममा दक्ष | 120 | ५१,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १० र ११ गते (26 & 27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AMAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1262/074/075
Ratopul-30, Kathmandu, Nepal, Tel.: 01- 4512370, 4512377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np

## कतारमा रोजगारको अवसर | कम्पनीः Al Hudud Cleaning & Hospitality W.L.L. शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८०/०३/३१ चलानी नं.: ६०२०४७८४ LT. No.: 289408

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker (Female) | 0 | 18 | स. काममा दक्ष | 1000 | ३५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १० गते (26 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Excellent Manpower Services Pvt. Ltd.**
साविकः (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

## मलेसियामा रोजगार | कम्पनी : MAGUNUM SECURITY SDN BHD शहरः KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०८०/०३/२० चलानी नं.: ६०२०४६०४ L.T. No.: 288818

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन १० गते (26 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fair Connect Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १२७९/०७४/०७५
Basundhara-3, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

## साउदीमा रोजगार | कम्पनी : AL SAHA TEST FOOD SERVICE EST शहरः Al Kharj

पूर्व स्वीकृत मितिः २०८०/०२/२९ चलानी नं.: ६०२०३०४१ L.T. No.: 287620 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० साउन १० गते (26 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## मलेसियामा रोजगार | कम्पनीः AA COMMERCIAL SECURITY SDN BHD शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०८/२८ चलानी नं.: ६०१९३३५५ LT. No.: 277761 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 49 | 0 | स. काममा दक्ष | 1500 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १० गते (26 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Mob: 9841831240, 9801067993, Email:info@manpoweragencynepal.com

## मलेसियामा रोजगारको अवसर | कम्पनीः W.C.S FOOD INDUSTRIES(M) SDN BHD शहरः Malaysia,JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७१६५ LT. No.: 271150 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १० गते (26 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Growth Process International Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. ५१८/०६१/०६२
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 4383347, Fax: 4383347
Mob.: 9849476159, 9851146986, 9808932656, 9823862551,9851095260
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

## साउदीमा रोजगार | १. कम्पनी : ARABIAN CONSOLIDATED TRADING COMPANY शहरः SAUDI

पूर्व स्वीकृत मितिः२०७८/०८/१९ चलानी नं.:६०१६९५६८ L.T. No.: 252837 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LTD. JUBAIL शहरः JUBAIL
पुर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६८२३ L.T. No.: 281441 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | DRIVER HEAVY EQUIPMENT | 22 | 0 | | 2500 | ८७,२५० | | | | | | | |

३. कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LTD . शहरः JUBAIL
पुर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६८२६ L.T. No.: 281443 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १० गते (26 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.**
Gulf Sky International Pvt. Ltd.
श्रम ईजाजत नं. ८९०/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८, ९८०११९६८६९

## UAE मा रोजगार | कम्पनीः DULSCO L.L.C. शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०५ LT. NO.: 289521

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building/general Labour | 100 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 100 | 0 | | 900 | ३२,०९४ | | | | | | | |
| 3. | Porter | 100 | 0 | | 900 | ३२,०९४ | | | | | | | |

अन्तर्वार्ता मिति २०८० साउन १० गते (26 July 2023) मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

